निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# स्थानीय तह निर्वाचन इ-बुलेटिन

• वर्ष १ • अङ्क २३ • २०७९ वैशाख २३ गते शुक्रबार (May 6, 2022)

७ दिन बाँकी

## स्थानीय तह सदस्य निर्वाचन, २०७९

# प्रदेश र जिल्ला तहमा तयारी अन्तिम चरणमा




कर्णाली प्रदेशको राजधानी सुर्खेतमा नमुना मतदान गरिँदै ।

**काठमाडौँ–**स्थानीय तह सदस्य निर्वाचन, २०७९ को तयारीका लागि निर्वाचन आयोगका प्रदेश निर्वाचन कार्यालय, जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका कार्यालयले तयारीलाई तीव्रता दिएका छन् ।

ती कार्यालयले मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई आयोगले निर्धारण गरेको विषयवस्तुका आधारमा तालिम दिएका छन् । कतिपय जिल्लामा तालिम जारी रहेको छ भने कतिपय जिल्लामा तालिम सम्पन्न भएको छ । कार्यालयहरूले आयोगबाट प्राप्त भएका निर्वाचन सामग्री र मतपत्रलाई व्यवस्थापन गर्दै प्याकिङ र वितरणको तयारी अन्तिम चरणमा पुऱ्याएका छन् । निर्वाचन सामग्री चाँडै मतदानस्थल र केन्द्रमा लगिनेछन् । सुरक्षाको प्रबन्ध, आचारसंहिता कार्यान्वयनको अनुगमन, नमूना मतदानको तयारीलगायतका काममा पनि ती कार्यालय जुटिरहेका छन् । प्रदेश निर्वाचन कार्यालयले प्रदेशका मुख्यालय भएका जिल्लाभरका निर्वाचन गतिविधिको नेतृत्व लिन्छन् भने जिल्ला निर्वाचन कार्यालयले सम्बन्धित जिल्लाको जिम्मेवारी पाएका छन् । प्रदेश निर्वाचन कार्यालय रहेका ठाउँमा जिल्ला निर्वाचन कार्यालय राखिएको छैन ।

### नमूना मतदान गराइँदै

**दाङ–** लुम्बिनी प्रदेशको मुख्यालय रहेको दाङ जिल्लामा प्रदेश निर्वाचन कार्यालयले निर्वाचनको तयारीलाई व्यवस्थित गरेको छ । सो कार्यालयका प्रमुख नारायण भण्डारीका अनुसार सबै मतदान केन्द्रका लागि निर्वाचन सामग्री प्याकिङ भइरहेको छ । उहाँले वैशाख २४ गते जिल्लाको बंगलामुखी गाउँपालिकाको कमिरेपानीमा नमूना मतदान गराइएको बताउनुभयो । वैशाख २६ र २७ गते खटाइएका जनशक्तिलाई निर्वाचन सामग्री वितरण हुने जानकारी दिनुभयो ।

निर्वाचनका लागि दाङमा कर्मचारी तथा सुरक्षाकर्मी खटाउने तयारी थालिएको छ । मतदानस्थलमा खटिने कर्मचारीलाई जिम्मेवारी बाँडफाँट, अभिमुखीकरण, निर्वाचन प्रयोजनका सामग्रीको व्यवस्थापन गर्ने काम भइरहेको छ ।

निर्वाचनका लागि कर्मचारी र सुरक्षाकर्मी गरी ६ हजारभन्दा बढी जनशक्ति परिचालन गरिने भएको हो । ३ हजार ६८८ कर्मचारी र ३ हजारको सङ्ख्यामा सुरक्षाकर्मी गरी ६ हजार ६८८ जनशक्ति निर्वाचनमा खटाइने छ । निर्वाचन कार्यालयका अनुसार दाङमा ४६१ मतदान केन्द्र छन् ।

(बाँकी पृष्ठ २)

## निर्वाचन आयोगका पदाधिकारी



प्रमुख निर्वाचन आयुक्त
**दिनेश कुमार थपलिया**



निर्वाचन आयुक्त
**इश्वरीप्रसाद पौड्याल**



निर्वाचन आयुक्त
**रामप्रसाद भण्डारी**



निर्वाचन आयुक्त
**डा. जानकी कुमारी तुलाधर**



निर्वाचन आयुक्त
**सगुन शम्सेर ज. ब. रा.**



सचिव
**गोकर्णमणि दुवाडी**



मधेश प्रदेशको राजधानी जनकपुरमा मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम दिइँदै ।

हरेक मतदान केन्द्रमा ८ जनाका दरले कर्मचारी खटिनेछन् । १ मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी, दुई सहयोगी र तीन स्वयंसेवक परिचालन हुने प्रदेश निर्वाचन अधिकारी भण्डारीले जानकारी दिनुभयो ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र म्यादी प्रहरी गरी ३ हजारको हाराहारीमा सुरक्षाकर्मी परिचालन हुनेछन् । थप सुरक्षाकर्मीलाई समेत तयारी अवस्थामा राखिने र आवश्यकताको आधारमा तत्काल परिचालन गरिने योजनासहित सुरक्षा योजना तयार पारिएको छ ।

निर्वाचनको तीन दिनअघि नै कर्मचारी तथा सुरक्षाकर्मी सम्बन्धित निर्वाचनस्थलमा पुग्नेछन् । मतपत्र, मत पेटिकासहित निर्वाचनका अन्य आवश्यक सामग्री तयार पार्ने काम भइरहेको जनाइएको छ। २७ गते साँझसम्म सम्बन्धित मतदानस्थलमा पुगेर सूचना जारी हुनेछ । २८ र २९ गते मतदाता परिचयपत्र वितरण गर्ने र सोही बेला मतदाता शिक्षाको गतिविधि सञ्चालन गरिनेछ ।

त्यसैगरी सोही दिन नै मतदानका लागि केन्द्र निर्माणका काम गरिनेछ। दाङमा १ सय ५३ मतदानस्थल र ४६१ मतदान केन्द्र तोकिएको छ। दाङमा २ लाख ९ हजार ९९ जना महिला, २ लाख ७ हजार ९९ जना पुरुष र २ तेस्रोलिङ्गी गरी कूल ४ लाख ९ हजार ९०२ जना मतदाता छन् । निर्वाचनका लागि ४ लाख ४३ हजार मतपत्र आइसकेको जनाइएको छ ।

### मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम

**धनुषा–**मधेस प्रदेशको प्रदेश निर्वाचन कार्यालयले स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि धनुषा जिल्लाका मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई निर्वाचनका क्रममा गर्नुपर्ने र गर्न नहुने कार्यहरुका सम्बन्धमा तालिम दिएको छ ।

जनकपुरमा आयोजित तालिममा निर्वाचनासम्बन्धी ऐन, कानून, कार्यविधि, निर्वाचन आचारसंहिताका सैद्धान्तिक र व्यवहारिक पक्षहरुबारे तालिम दिइएको हो । गत शनिबारदेखि तीन दिनसम्म चल्ने तालिममा दैनिक ३०० को सङ्ख्यामा सहभागी रहनेछन् । कूल १८ पालिका भएको जिल्लामा ५९६ जना मतदान अधिकृत र सोही सङ्ख्यामा सहायक मतदान अधिकृत रहेका छन् । जिल्लामा चार लाख ६७ हजार ६८८ मतदाता, ५९६ मतदान केन्द्र र ३२३ मतदान स्थल रहेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख श्रीधर पन्थीले जानकारी दिनुभयो । उहाँले निर्वाचन सामग्री र मतपत्र जनकपुरस्थित महेन्द्रनारायण निधि भवनमा राखिएको छ । निर्वाचनका लागि सुरक्षालगायतका सबै तयारी भइसकेको प्रमुख पन्थीले जानकारी दिनुभयो ।

जिल्लामा आचारसंहिता अनुगमन संयन्त्रको बैठक भई अनुगमन र कारबाहीका कामहरु पनि रहेका छन् । अनुगमनका क्रममा आचारसंहिता विपरीत दल र उम्मेदवारहरुले प्रयोग गरेका तुल, व्यानरहरु सुरक्षाकर्मीको सुहयोगमा हटाउने काम भएको छ । निर्वाचन प्रचार प्रसारका क्रममा भारतीय नम्बर प्लेटको गाडी प्रयोग भएको पाइएमा तत्काल नियन्त्रणमा लिइ कारबाही गर्न पनि निर्देशन भएको प्रदेश कार्यालयका प्रमुख पन्थीले जनाउनुभयो ।

## निर्वाचन सामग्री वितरणको तयारी

**सुर्खेत–**कर्णाली प्रदेशको मुख्यालयस्थित सुर्खेत जिल्लामा निर्वाचनको तयारी भइरहेको छ । प्रदेश निर्वाचन कार्यालयका अधिकारी दुर्गाप्रसाद चालिसेका अनुसार निर्वाचन सामग्री र मतपत्र प्याकिङ सम्पन्न भई वितरणका लागि तयारी गरिएको छ भने जिल्लाका मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई वैशाख २४ र २५ गते तालिम दिइने कार्यक्रम रहेको छ। कार्यालयले आज वीरेन्द्रनगर नगरपालिका वडा नं. ७ को कृष्णसदन माध्यामिक साधारण विद्यालयमा नमूना मतदान गराइएको छ ।

प्रमुख चालिसेले निर्वाचन आचारसंहिता कार्यान्वयन अवस्थाको अनुगमनका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालयसहित सम्बद्ध निकायले काम गरिरहेका छन् भने आचारसंहिता उलङ्घन भएको पाइएमा सोबारे छलफल गरी आवश्यक कारबाहीको प्रक्रिया अघि बढाइएको छ ।

## निर्वाचन सामग्री वितरण सुरु

**कैलाली–**सुदूरपश्चिम प्रदेशको मुख्यालय रहेको कैलालीमा पनि मतदान अधिकृत र सहायकलाई तालिमम जारी रहेको छ। हालसम्म ८१३ जनालाई तालिम दिइएको छ भने ४१३ लाई तालिम दिन बाँकी रहेको छ ।

कार्यालयले जिल्लाका सबै पालिकामा निर्वाचन सामग्री बुझाउन थालेको छ । शुक्रबार मोहन्याल गाउँपालिकाबाट निर्वाचन सामग्री वितरण सुरु भएको छ । प्रदेश निर्वाचन कार्यालयका निमित्त प्रमुख प्रेमराज भट्टले सुरक्षा व्यवस्थापनका बारेमा प्रमुख जिल्ला अधिकारीले तालिममा प्रकाश पार्नुभएको छ भने समग्र सुरक्षा, जनशक्ति र व्यवस्थापनको तयारी चुस्त र व्यवस्थित भएको छ । प्रमुख भट्टले आचारसंहिताको अनुगमन जारी रहेको र हालसम्म गम्भीर प्रकृतिका उलङ्घनका घटना नभएको बताउँदै मौखिकरूपमा प्राप्त उजुरीमाथि अध्ययन भइरहेको बताउनुभयो ।

# मतपत्र ढुवानी सम्पन्न




**काठमाडौँ–**स्थानीय तह सदस्य निर्वाचन, २०७९ का लागि ७७ वटै जिल्लाका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र ढुवनी कार्य सम्पन्न भएको छ ।

निर्वाचन आयोगले मतपत्र छपाइ भएको स्थान भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट यही वैशाख १३ गतेदेखि विभिन्न जिल्लाका लागि ट्रकमा लोड गराई सुरक्षा प्रबन्धका साथ मतपत्र पठाएको हो। सडकमार्ग सहज नहुने जिल्लामा हवाइ मार्गबाट ढुवानी गरिएको छ। मुख्य निर्वाचन अधिकृतको कार्यालयले जिल्लाका सम्बन्धित पालिकाका लागि प्याकिङ गराई चाँडै स्थानीयरुपमा मतपत्र ढुवानी गराउनेछ।

उम्मेदवारी मनोननयपत्र दर्ताको विवरण र निर्वाचन चिन्ह प्रदानका आधारमा थप छपाइ गर्नुपर्नेसहित कूल दुई करोड सात लाख ४६ हजार मतपत्र छपाइ भएको थियो । आयोगले वैशाख १२ गतेसम्ममै आवश्यक निर्वाचन सामग्री ढुवानी सम्पन्न गरेको थियो ।

# स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९

१. **अनुमति माग गर्नुपर्ने :** (१) उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले मतदानको दिन सवारी साधन चलाउनको लागि अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ। यसरी निवेदन परेमा मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतले उम्मेदवारको विवरण यकिन गरी सोही निवेदनमा सिफारिस गर्नु पर्नेछ ।

(२) उम्मेदवार बाहेक अन्य निकाय वा संस्थाले सम्बन्धित निकाय वा संस्थाको आधिकारिक लेटर प्याडमा सवारी साधन नम्बर, सवारी साधनको किसिम, सवारी साधन प्रयोगकर्ताको नाम समेत उल्लेख गरी अनुसूची-२ बमोजिमको सिफारिस दिने अधिकारीको सिफारिस लिई सो अनुसूची बमोजिम सवारी साधनको अनुमतिपत्र जारी गर्ने निकाय वा अधिकारी समक्ष पत्र पेश गर्नु पर्नेछ ।

(३) सवारी साधनको लागि अनुमति माग गर्न निवेदन दिँदा वा पत्र पेश गर्दा मिति २०७९ वैशाख २८ गतेसम्ममा दिई सक्नु पर्नेछ ।

(४) काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी गरिने अनुमतिपत्रका लागि आयोगमा स्थापना गरिने एकीकृत सवारी साधन आवागमन डेस्कमा पत्र पेश गर्नुपर्नेछ ।

२. **अनुमतिपत्र दिने :** (१) सवारी साधन प्रयोग गर्ने अनुमतिपत्रको लागि निवेदन परेमा वा पत्र प्राप्त भएमा सम्बन्धित निकाय वा अधिकारीले अनुसूची-२ बमोजिमको सङ्ख्यामा नबढ्ने गरी अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा -१) बमोजिम अनुमतिपत्र दिँदा आयोग र निर्वाचन कार्यमा खटिएका सुरक्षाकर्मीलाई भारी सवारी साधन सञ्चालनको अनुमति दिन सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी नम्बर प्लेट भएको सवारी साधन प्रयोग गर्न अनुमति दिइने छैन ।

३. **प्रमुख जिल्ला अधिकारीले व्यवस्था मिलाउने :** (१) मानवीय उद्धार तथा सहायतामा प्रयोग गरिने सवारी साधनको हकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको अनुमति लिई सवारी साधन प्रयोग गर्न सकिनेछ ।

(२) कामको प्रकृति हेरी आयोग वा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले एक भन्दा बढी जिल्लाका लागि सवारी साधन प्रयोग गर्ने गरी अनुमतिपत्र जारी गर्न सक्नेछ।

४. **विमानस्थल आवतजावत गर्ने व्यवस्था मिलाउने :** अन्तर्राष्ट्रिय हवाई उडानको माध्यमबाट यात्रा गर्ने यात्रुहरूका हकमा पासपोर्ट, भिसा र हवाई टिकटका आधारमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसम्म र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट यात्रुको बासस्थानसम्मको आवागमनको सहजीकरण काठमाडौं जिल्लाको प्रमुख जिल्ला अधिकारीले मिलाउनु पर्नेछ ।

५. **अशक्तता भएका व्यक्तिको लागि विशेष व्यवस्था :** आफैं हिँडडुल गर्न नसक्ने अशक्त व्यक्तिको लागि बासस्थानदेखि मतदान केन्द्रसम्म र मतदान केन्द्रदेखि बासस्थानसम्म आवतजावत गर्न मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतले अनुमति दिएको सवारी साधन प्रयोग गर्न सकिने छ । त्यस्तो सवारी साधनमा अशक्त व्यक्ति र सहयोगका लागि निजको साथमा एकाघरको एक जना व्यक्ति मात्र रहन सक्नेछ ।

६. **अनुमतिपत्रको ढाँचा :** यस मापदण्ड बमोजिम सवारी साधन प्रयोग गर्ने अनुमतिपत्र आयोगले अनुसूची-३ बमोजिमको ढाँचामा, मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतले अनुसूची- ४ बमोजिमको ढाँचामा र प्रमुख जिल्ला अधिकारीले अनुसूची-५ बमोजिमको ढाँचामा जारी गर्नु पर्नेछ ।

७. **सम्बन्धित व्यक्ति वा पदाधिकारीले मात्र प्रयोग गर्नु पर्ने :** यस मापदण्ड बमोजिम जारी गरिएको अनुमतिपत्र बमोजिमको सवारी साधन सम्बन्धित व्यक्ति वा पदाधिकारीले मात्र प्रयोग गर्नु पर्नेछ ।

८. **अनुमतिपत्र लिनु नपर्ने :** एम्बुलेन्स, खानेपानीको ट्याङ्कर, दमकल, दूरसञ्चार सेवा, शव बाहन, अस्पताल सेवा तथा विद्युत सेवा जस्ता अत्यावश्यक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएको कुटनीतिक नियोगको सवारी साधनको हकमा सवारी अनुमतिपत्र लिनु पर्ने छैन ।

९. **एकीकृत सेवा प्रदान गर्ने :** (१) जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट जारी गरिने सवारी साधनको अनुमतिपत्र समेत एकीकृत रुपमा आयोग परिसरबाटै उपलब्ध गराउने गरी सवारी आवागमन व्यवस्थापन डेक्स स्थापना गरिनेछ ।

(२) उपदफा -१ बमोजिम एकीकृत सेवा प्रदान गर्ने प्रयोजनको लागि गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट एक जना अधिकृतस्तरका कर्मचारीलाई आयोगमा काजमा ल्याईनेछ ।

१०. **सवारी साधन आवागमन व्यवस्थापन तथा अनुगमन समिति :** मतदानको दिनको लागि दिइने सवारी आवागमनको अनुमतिपत्र सम्बन्धी कार्यमा सहजीकरण गर्न, सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाउन तथा सोको अनुगमन गर्नका लागि आयोगमा देहाय बमोजिमको सवारी साधन आवागमन व्यवस्थापन तथा अनुगमन समिति रहनेछ :

(क) सहसचिव, प्रशासन महाशाखा, आयोग -संयोजक
(ख) प्रतिनिधि (अधिकृतस्तर), गृह मन्त्रालय -सदस्य
(ग) प्रतिनिधि (अधिकृतस्तर), सूचना तथा प्रसारण विभाग -सदस्य
(घ) उपसचिव, योजना, अनुगमन तथा वैदेशिक सम्बन्ध शाखा, आयोग -सदस्य
(ङ) संयोजकले तोकेको आयोगको शाखा अधिकृत -सदस्य-सचिव

११. सवारी साधन कब्जामा लिनेः मतदानको दिन कसैले यो मापदण्ड विपरीत सवारी साधन प्रयोग गरेको पाइएमा सुरक्षा निकाय तथा सुरक्षाकर्मीले त्यस्तो सवारी साधन कब्जामा लिई मतदानको काम सम्पन्न भए पछि मात्र फिर्ता दिनु पर्नेछ ।

# अनुसूची-१

**उम्मेदवारले मतदानको दिन प्रयोग गर्ने सवारी साधन अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा**

श्री प्रमुख जिल्ला अधिकारीज्यू,

..........................................

मार्फत

श्री मुख्य निर्वाचन अधिकृतज्यू/निर्वाचन अधिकृतज्यू,

........................

विषयः मतदानको दिन सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ ।

स्थानीय तह निर्वाचन २०७९ मा म .............................. गाउँपालिका/नगरपालिकाको ..................... पदमा ............................ राजनीतिक दलको उम्मेदवार/स्वतन्त्र उम्मेदवार भएकोले मतदानको दिन देहाय बमोजिमको सवारी साधन प्रयोग गर्ने अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

**सवारी साधनको विवरण**

| सवारी साधनको किसिम | सवारी साधनको रङ्ग | सवारी साधनको नम्बर | सवारी धनीको नाम | सवारी चालकको नाम | सवारी चालकको सवारी चालक अनुमति पत्र नं |
|---|---|---|---|---|---|
| | | | | | |

सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नामः ...................

निवेदन दिने उम्मेदवार/निर्वाचन प्रतिनिधिको नामः ...............................

सवारी साधन प्रयोग गर्ने स्थानः .....................

दस्तखतः मितिः .........................

**मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालयबाट**

**सिफारिसकर्ताको**

दस्तखत:

नाम:

पद:

मिति:

कार्यालयको छाप:

अनुसूची-२

**सवारी साधन प्रयोग गर्ने अनुमतिपत्रको लागि सिफारिस गर्ने तथा अनुमतिपत्र दिने अधिकारी र सवारीको सङ्ख्या**

| क्र. सं. | सवारी साधन प्रयोगकर्ता | | सिफारिस गर्ने निकाय | संख्या | | अनुमति दिने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि | | सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत | चार, तीन वा दुई पाङ्ग्रे मध्ये १ वटा मात्र | | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | |
| २ | सुरक्षाकर्मी | | | आवश्यकता अनुसार | | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | |
| ३ | राष्ट्रिय पर्यवेक्षक (उपत्यकाभित्र) | | निर्वाचन आयोग | प्रत्येक संस्थाका लागि बढीमा चार, तीन वा दुई पाङ्ग्रे मध्ये ५ वटा मात्र | | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| ४ | राष्ट्रिय पर्यवेक्षक (उपत्यका बाहिर) | हिमाली जिल्ला | निर्वाचन अधिकारी | दुई पाङ्ग्रे १ | हलुका सवारी १ | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | |
| | | पहाडी जिल्ला | | दुई पाङ्ग्रे २ | हलुका सवारी २ | | |
| | | तराईका जिल्ला | | दुई पाङ्ग्रे ५ | हलुका सवारी ३ | | |
| ५ | संवैधानिक आयोगहरु | | सम्वन्धित संवैधानिक आयोग | आवश्यकता अनुसार | | निर्वचन आयोग | |
| ६ | संवैधानिक निकायका प्रादेशिक एवं जिल्लास्थित कार्यालयहरू | | प्रदेश/ जिल्ला निर्वाचन अधिकारी | आवश्यकता अनुसार | | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | |
| ७ | कूटनीतिक नियोगका कूटनीतिक अवलोकनकर्ता | | | आवश्यकता अनुसार | | निर्वाचन आयोग | |
| ८ | आयोगबाट आमन्त्रित विशिष्ट अतिथिहरू | | | आवश्यकता अनुसार | | निर्वाचन आयोग | |
| ९ | कुटनैतिक निकायका नियमित कार्यालय प्रयोजन | | परराष्ट्र मन्त्रालय | आवश्यकता अनुसार | | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| १० | संयुक्त राष्ट्र संघका नियोगहरु | | परराष्ट्र मन्त्रालय | आवश्यकता अनुसार | | निर्वाचन आयोग | |
| ११ | उपत्यकाभित्रका सञ्चार माध्यम | Board Sheet का दैनिक पत्रिका | सूचना तथा प्रसारण विभाग | प्रत्येक संस्थालाई कार्यालय प्रयोजनका लागि बढीमा ५ र समाचार सङ्कलनका लागि बढीमा २० गरी बढीमा २५ वटासम्म | | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| | | दैनिक पत्रिका | | प्रत्येक संस्थालाई कार्यालय प्रयोजनका लागि बढीमा ५ र समाचार संकलनका लागि बढीमा १० गरि बढिमा १५ वटासम्म | | | |
| | | साप्ताहिक पत्रिका | | प्रत्येक संस्थालाई बढीमा ३ वटासम्म | | | |
| | | टेलिभिजन (क्यामेरा संख्याका आधारमा) | | प्रत्येक संस्थालाई बढीमा १० वटासम्म | | | |
| | | रेडियो/एफ. एम. | | प्रत्येक संस्थालाई कार्यालय प्रयोजनका लागि १ र समाचार संकलनका लागि बढीमा ७ वटासम्म | | | |
| | | अनलाइन समाचार | | प्रत्येक संस्थालाई कार्यालय प्रयोजनका लागि २ र समाचार संकलनका लागि बढीमा ५ वटासम्म | | | |
| | | फोटो पत्रकार | | प्रत्येक संस्थालाई बढीमा ५ वटासम्म | | | |
| | | रा.स.स. | | बढीमा ५ वटासम्म | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | टेलिभिजन प्रशारण संस्था | सूचना तथा सञ्चार प्रविधि मन्त्रालय | बढीमा २ वटासम्म | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| | | प्रेस काउन्सिल नेपाल | | बढीमा ५ वटासम्म | | |
| १२ | उपत्यकाबाहिरका सञ्चार माध्यम | | सूचना तथा प्रसारण विभागले तोकेको स्थानीय सञ्चार गृह वा जिल्लास्थित पत्रकार महासंघको कार्यालय | प्रत्येक संस्थालाई बढीमा ५ वटासम्म | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | |
| १३ | अन्तर्राष्ट्रिय सञ्चार माध्यम | | सूचना तथा प्रसारण विभाग | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| १४ | उडानसँग सम्बन्धित कार्यालय प्रयोजन | | नागरिक उड्डयन प्राधिकरण | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| १५ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालय प्रयोजन | | अध्यागमन विभाग | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| १६ | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय प्रयोजन | | भन्सार विभाग | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी काठमाडौं | |
| १७ | पर्यटक (विमानस्थल -होटल- विमानस्थल) | | नेपाल पर्यटन वोर्ड | आवश्यकता अनुसार | प्रमुख जिल्ला अधिकारी, काठमाडौं | |
| १८ | निर्वाचन कार्यालय | | निर्वाचन अधिकारी | प्रत्येक कार्यालयलाई २ वटा | सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी | |
| १९ | आयोगले खटाएका अनुगमनकर्ता | | | आवश्यकता अनुसार | निर्वाचन आयोग | |
| २० | साझेदार निकायहरु (UNDP/ESP, IFES) | | | आवश्यकता अनुसार | निर्वाचन आयोग | |
| २१ | अन्तराष्ट्रिय संघ संस्थाहरु | | | आवश्यकता अनुसार | निर्वाचन आयोग | |

## स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतदानको दिनको सवारी आवागमन व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ मा थप स्पष्ट पारिएको :

मापदण्डको अनुसूची-२ को क्र.सं. १ का सम्बन्धमा देहाय बमोजिम स्पष्ट पारिएको व्यहोरा अनुरोध छ :

१. महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाका प्रमुख वा उपप्रमुख र गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्षका लागि दुई पांग्रे वा तीन पांग्रे वा चार पांग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा मात्र ।

२. महानगरपालिका तथा उपमहानगरपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यका लागि उम्मेदवार भएको वडाभित्र मात्र प्रयोग गर्ने गरी दुई पांग्रे वा तीन पांग्रे वा चार पांग्रे विद्युतीय तथा यान्त्रिक शक्ति चल्ने हलुका सवारी साधन एउटा मात्र ।

३. नगरपालिका तथा गाउँपालिकाका वडा अधयक्ष तथा वडा सदस्यका लागि उम्मेदवार भएको वडाभित्र मात्र प्रयोग गर्ने गरी दुई पांग्रे सवारी साधन एउटा मात्र ।

४. विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने सवारी साधन नचल्ने गाउँपालिका वा नगरपालिकाको प्रति उम्मेदवार घोडा एउटा मात्र ।

अनुसूची-३

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन आयोग, नेपाल

स्थानीय तह सदस्य निर्वाचन, २०७९
बैशाख ३० गते शुक्रबार

# मतदानको दिनको सवारी अनुमतिपत्र

१. सवारी अनुमतिपत्रको नम्बरः ..........................................................................

२. सवारी साधनको किसिम र नम्बरः ..................................................................

३. सवारी प्रयोगकर्ता संस्था/व्यक्तिः ....................................................................

४. सवारीमा यात्रा गर्नेको संख्याः ........................................................................

५. सवारी चलाउन अनुमति प्राप्त स्थान .......................................................

६. सवारी चालकको नामः.............................................................................................

७. अनुमतिपत्र जारी गर्ने आधिकारिक व्यक्ति

दस्तखतः- .......................

नामः- .............................

पदः .............................

कार्यालयको छापः

नोटः
- यो सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देख्ने गरी राख्नुपर्नेछ ।
- सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न पाइने छैन ।
- सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न पाइने छैन ।
- सवारी साधनलाई मतदानकेन्द्र भित्र प्रवेश अनुमति हुनेछैन ।
- सवारी साधनमा असम्बन्धित व्यक्तिहरु राखेको पाइएमा वा सवारी साधनकोदुरुपयोग भएको पाइएमा यो सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ।

अनुसूची-४

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

निर्वाचन अधिकृतको कार्यालय
........................ जिल्ला
........................ गाउँपालिका/नगरपालिका

स्थानीय तह सदस्य निर्वाचन, २०७९
बैशाख ३० गते शुक्रबार

# मतदानको दिनको सवारी अनुमतिपत्र

१. सवारी अनुमतिपत्रको नम्बरः ..........................................................................

२. सवारी साधनको किसिम र नम्बरः ..................................................................

३. सवारी प्रयोगकर्ता संस्था/व्यक्तिः ...................................................................

४. सवारीमा यात्रा गर्नेको संख्याः .......................................................................

५. सवारी चलाउन अनुमति प्राप्त स्थान ..............................................................

६. सवारी चालकको नामः.....................................................................................

७. अनुमतिपत्र जारी गर्ने आधिकारिक व्यक्ति

दस्तखतः- ......................

नामः- .............................

पदः मुख्य निर्वाचन अधिकृत / निर्वाचन अधिकृत

कार्यालयको छापः

नोटः

- यो सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देख्ने गरी राख्नुपर्नेछ ।
- सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न पाइने छैन ।
- सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न पाइने छैन ।
- सवारी साधनलाई मतदानकेन्द्र भित्र प्रवेश अनुमति हुनेछैन ।
- सवारी साधनमा असम्बन्धित व्यक्तिहरु राखेको पाइएमा वा सवारी साधनकोदुरुपयोग भएको पाइएमा यो सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ।

अनुसूची-५

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

नेपाल सरकार

गृह मन्त्रालय

स्थानीय तह सदस्य निर्वाचन, २०७९
बैशाख ३० गते शुक्रबार

# मतदानको दिनको सवारी अनुमतिपत्र

१. सवारी अनुमतिपत्रको नम्बरः ...................................................................

२. सवारी साधनको किसिम र नम्बरः ..........................................................

३. सवारी प्रयोगकर्ता संस्था/व्यक्तिः ............................................................

४. सवारीमा यात्रा गर्नेको संख्याः ................................................................

५. सवारी चलाउन अनुमति प्राप्त स्थान ........................................................

६. सवारी चालकको नामः.............................................................................

७. अनुमतिपत्र जारी गर्ने आधिकारिक व्यक्ति

दस्तखतः- ......................

नामः- .............................

पदः ..............................

कार्यालयको छापः

नोटः

- यो सवारी अनुमतिपत्र सुरक्षाकर्मीहरुले सजिलैसँग देख्ने गरी राख्नुपर्नेछ ।
- सवारीमा परिचयपत्र बाहक आधिकारिक व्यक्तिबाहेक अरुलाई राख्न पाइने छैन ।
- सवारी साधन मतदाता ओसारपसार गर्ने कार्यमा प्रयोग गर्न पाइने छैन ।
- सवारी साधनलाई मतदानकेन्द्र भित्र प्रवेश अनुमति हुनेछैन ।
- सवारी साधनमा असम्बन्धित व्यक्तिहरु राखेको पाइएमा वा सवारी साधनको दुरुपयोग भएको पाइएमा यो सवारी अनुमतिपत्र तत्काल खारेज गरिनेछ।

# सहायक निर्वाचन अधिकृतले अनुगमन गर्ने

(१) स्थानीय तह निर्वाचनमा निर्वाचन अधिकृतको कार्यालयमा खटिएको सहायक निर्वाचन अधिकृतले अनुगमन अधिकृतको रुपमा आचारसंहिता पालनाको विषयमा नियमित रुपमा अनुगमन गरी आचारसंहिता पालना गर्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरेको अनुगमन सम्बन्धी विवरण अनुगमन अधिकृतले प्रत्येक दिन निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

**अनुगमनको लागि खटाउन सक्ने :**

(१) आचार संहिताको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्न तथा सम्बन्धित निकाय तथा अधिकारीहरु बीच समन्वय कायम गर्नको लागि आयोगले आयुक्त, समितिका पदाधिकारी वा राजपत्राङ्कित विशिष्ट श्रेणी वा प्रथम श्रेणीको कर्मचारीको नेतृत्वमा अनुगमन टोली खटाउन सक्नेछ ।

(२) आचार संहिताको कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्न तथा सो सम्बन्धी विषयमा समन्वय कायम गर्नको लागि आयोगले प्रदेश सरकारको प्रमुख सचिव वा सचिवलाई अनुगमनकर्ताको रुपमा जिम्मेवारी दिन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिमका पदाधिकारीले आचारसंहिता कार्यान्वयनको विषयमा अनुगमन गरी परेका समस्या तत्काल संबोधन गर्नुको साथै आचारसंहिता उल्लङ्घनका घटना भएको पाएमा तत्काल कारबाही अघि बढाउनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आचार संहिता उल्लङ्घनको विषयमा अनुगमन गर्न तत्काल अनुगमनकर्ता खटाउन आवश्यक भएमा समितिको संयोजकले जुनसुकै श्रेणी वा तहको कर्मचारीलाई खटाउन सक्नेछ । यसरी अनुगमनकर्ता खटाएको जानकारी आयोगमा गराउनु पर्नेछ ।

**सूक्ष्म अनुगमन गराउन सक्ने :**

(१) आचारसंहिता उल्लङ्घन भएको जानकारी प्राप्त भएको वा आचारसंहिता उल्लङ्घन हुने सम्भावना देखिएको क्षेत्रमा सो सम्बन्धमा सूक्ष्म अनुगमन गर्न आयोगले सूक्ष्म अनुगमनकर्ता खटाउन सक्नेछ ।

(२) दफा १४ को उपदफा (१) बमोजिमको अनुगमन टोलीको प्रत्यक्ष निगरानीमा रहने गरी आचारसंहिता उल्लङ्घन सम्बन्धी विषयमा जानकारी सङ्कलन गर्न सूक्ष्म अनुगमनकर्ता समेत खटाउन सकिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम खटाइने सूक्ष्म अनुगमनकर्ताको पहिचान गोप्य राख्नु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम खटिएको सूक्ष्म अनुगमनकर्ताले आफू खटिएको स्थानमा गोप्य रुपमा विवरण सङ्कलन गरी आयोग वा अनुगमनकर्ता समक्ष पेश गर्नु पर्नेछ । यसरी विवरण सङ्कलन गर्दा फोटो, अडियो, भिडियो लगायतका आवश्यक प्रमाण समेत सङ्कलन गर्नु पर्नेछ ।

**आयोगको अनुमति लिने सम्बन्धी व्यवस्था :**

(१) आचारसंहिता बमोजिम आयोगको अनुमति लिई गर्न पाइने कामको लागि सम्बन्धित निकायले त्यस्तो कार्य गर्नु पर्ने आवश्यकता पुष्टी गर्न आवश्यक सम्पूर्ण विवरण संलग्न गरी आयोग समक्ष अनुमति माग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति माग भई आएको विषयमा सम्बन्धित महाशाखालेआवश्यक जाँचबुझ गरी सिफारिस सहित सम्बन्धित आयुक्त समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कुनै थप विवरण वा कागजात आवश्यक पर्ने भएमा महाशाखाले सम्बन्धित निकायबाट त्यस्तो कागजात वा विवरण माग गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएको विषयको अनुमतिको निर्णय सम्बन्धित आयुक्तले गर्न सक्नेछ ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि विषयको जटिलता वा अन्य कुनै कारणले कुनै विषयमा आयोगबाट निर्णय हुनु पर्ने ठानेमा सम्बन्धित आयुक्तले त्यस्तो विषय आयोग समक्ष पेश गर्नु पर्नेछ र सो सम्बन्धमा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम अनुमति प्रदान गर्ने सम्बन्धी अन्य विषय आयोगले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ ।



# भक्तपुरमा आचारसंहिताविपरीतका प्रचार सामग्री हटाईंदै

**भक्तपुर-** मध्यपुरथिमि नगरपालिका क्षेत्रमा निर्वाचन आचारसंहिताविपरीतका प्रचार सामग्री हटाउने काम सुरु गरिएको छ । नगरस्थित निर्वाचन अधिकृतको कार्यालयले नगर क्षेत्रको अनुगमन गर्दै जथाभावी राखिएका प्रचार सामग्री हटाउन थालेको जनाएको छ ।

राजनीतिक दलले आचारसंहिताविपरीत प्रचार सामग्री राख्ने गरेकाले सम्बन्धित पार्टीलाई त्यस्ता सामग्री हटाउन भनिएको र अटेर गरेकोले सुरक्षाकर्मीको टोलीद्वारा हटाउन थालिएको निर्वाचन अधिकृत मैया कँडेलले जानकारी दिनुभयो । उहाँका अनुसार नगरका विभिन्न क्षेत्रमा पार्टीको झण्डा, चुनाव चिह्न, फ्लेक्स, गाडीमा राखिएका झण्डा, ब्याचजस्ता प्रचार सामग्री सुरक्षाकर्मी लगाएर हटाउने काम भइरहेको छ ।

'हामीले दैनिक अनुगमन गर्ने गरेका छौँ, बजार र भित्री गल्लीमा निर्वाचन आचारसंहिताविपरीत प्रचार सामग्री राखिएको पाइएको छ, त्यस्तो अवस्थामा तत्कालै दलका नेतालाई जानकारी गराउँदै हटाउने काम गरेका छौँ', कँडेलले भन्नुभयो ।

यसैबीच निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिँदै उम्मेदवारको सबै विवरण तयार पारिएको, मतदान केन्द्रमा खटिने कर्मचारीलाई तालिम प्रदान गरिएको र अब केही दिनमै कर्मचारीलाई मतदानस्थलमा खटाइने कार्यालयले जनाएको छ । साथै, मध्यपुरथिमि नगरक्षेत्रभित्र रहेका मतदान केन्द्रमध्ये केही अत्यन्तै साँघुरो स्थानमा रहेका, केही बाटोमै रहेकाले त्यस्ता संवेदनशील निर्वाचन केन्द्रको अनुगमन एवं सुरक्षाको व्यवस्था मजबुद बनाउने गरी तयारी गरिएको जनाइएको छ ।

स्थानीय तहपछिका निर्वाचनमा केही मतदान केन्द्र ठाउँ सार्नुपर्ने अवस्था रहेकाले परिमार्जन गर्नुपर्ने देखिएको कँडेलले बताउनुभयो । उहाँले आउँदो ३० गते आम मतदातालाई सुरक्षित, शान्त र सहजरूपमा मतदान गर्ने व्यवस्था गरिएको जानकारी दिनुभयो ।

भयरहित र शान्त वातावरणमा निर्वाचन सम्पन्न गर्नेगरी तयारी गरिएको नगरका सहायक निर्वाचन अधिकृत केशव सिलवालले जानकारी दिनुभयो । उहाँले मौखिक उजुरी र अनुगमनकका क्रममा आचारसंहिता विपरीत राखिएका सामग्री हटाउने, फेरि नराख्न कडा निर्देशन दिने गरिएको बताउनुभयो ।

मध्यपुरथिमिमा २० हजार ५३१ पुरुष, २१ हजार ३०८ महिला, तेस्रो लिङ्गी तीन गरी कूल ४१ हजार ८४२ मतदाता रहेका छन् । नगरमा १७ मतदानस्थल र ४६ मतदान केन्द्र राखिएको छ ।

# मतदान अधिकृतलाई तालिम

**नेपालगञ्ज-** वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि बाँकेमा मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तीनदिने तालिम सुरु गरिएको छ । जिल्लामा १३६ मतदानस्थल र ३७९ मतदान केन्द्र तोकिएको छ ।

मतदानस्थल र मतदान केन्द्रमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई तालिम दिन थालिएको निर्वाचन अधिकारी रमा पन्तले जानकारी दिनुभयो । तालिममा कानूनी, व्यावहारिक र सैद्धान्तिक पक्षका साथै मतदान अधिकृत र सहायक मतदान अधिकृतले गर्नुपर्ने काम, कर्तव्य एवं अधिकारक्षेत्र तथा मतदान केन्द्र निर्माण गर्ने तरिकाबारे जानकारी गराइएको उहाँले बताउनुभयो । मतपेटिका राख्ने ठाउँ, रुजु गर्नेल तरिकागायत मतदान कार्यलाई व्यवस्थित गर्ने तरिकाबारेमा समेत सिकाइएको छ ।

तालिमको सहजीकरण मुख्य निर्वाचन कार्यालय, नेपालगञ्जका प्रमुख निर्वाचन अधिकृत खडानन्द तिवारी, प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खड्का, जिल्ला निर्वाचन अधिकारी रमा पन्त लगायतले गर्नुभएको छ । एक उप महानगरपालिका, एक नगरपालिका र छ गाउँपालिका रहेको जिल्लामा कूल तीन लाख २९ हजार ४७३ जना मतदाता छन् । स्थानीय तह निर्वाचनका लागि जिल्लामा करिब चार हजार सुरक्षाकर्मी दुई हजार २०० कर्मचारी परिचालन हुनेछन् ।




म्याग्दीको बेनी सामुदायिक मावि मतदान केन्द्रमा जिल्ला निर्वाचन कार्यालय र नेपाल पत्रकार महासंघले आयोजना गरेको नमूना मतदान कार्यक्रममा सहभागी हुँदै ।




वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालय धुलिखेलबाट जिल्लाका विभिन्न मतदान केन्द्रमा मतपेटीका लैजाने तयारी गर्दै कर्मचारी र सुरक्षाकर्मी ।



बैतडीको दोगडाकेदार गाउँपालिकाको कालागाउँमा रहेको रौलेश्वर मावि मतदानस्थलको निरीक्षण गर्दै प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेसहित सुरक्षा निकायको टोली । तस्विर : रासस



धनगढीमा मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई प्रशिक्षण गरिँदै ।

**स्थानीय तह सदस्य निर्वाचन, २०७९ उम्मेदवारको विवरण प्रणालीमा प्रविष्ट भएको आधारमा (प्रदेश १)**

| | | |
|---|---|---|
| प्रमुख | पुरुष | ३४८ |
| | महिला | २७ |
| | जम्मा | ३७५ |
| अध्यक्ष | पुरुष | ४३० |
| | महिला | २६ |
| | जम्मा | ४५६ |
| उपप्रमुख | पुरुष | ८० |
| | महिला | २०९ |
| | जम्मा | २८९ |
| उपाध्यक्ष | पुरुष | ९५ |
| | महिला | २६२ |
| | जम्मा | ३५७ |
| वडा अध्यक्ष | पुरुष | ४,६०५ |
| | महिला | १३६ |
| | जम्मा | ४,७४१ |
| महिला सदस्य | जम्मा | ३,८१७ |
| दलित महिला सदस्य | जम्मा | ३,४५९ |
| सदस्य | पुरुष | ७,७६८ |
| | महिला | २६० |
| | जम्मा | ८,०२८ |
| | कुल जम्मा | २१,५२२ |

**स्थानीय तह सदस्य निर्वाचन, २०७९ उम्मेदवारको विवरण प्रणालीमा प्रविष्ट भएको आधारमा (मधेस प्रदेश)**

| | | |
|---|---|---|
| प्रमुख | पुरुष | १,३६६ |
| | महिला | ५४ |
| | जम्मा | १,४२० |
| अध्यक्ष | पुरुष | ८५६ |
| | महिला | ३७ |
| | जम्मा | ८९३ |
| उपप्रमुख | पुरुष | १४६ |
| | महिला | ५३८ |
| | जम्मा | ६८४ |
| उपाध्यक्ष | पुरुष | ७९ |
| | महिला | ४०० |
| | जम्मा | ४७९ |
| वडा अध्यक्ष | पुरुष | ९,१६६ |
| | महिला | २५४ |
| | जम्मा | ९,४२० |
| महिला सदस्य | जम्मा | ७,००८ |
| दलित महिला सदस्य | जम्मा | ६,६७१ |
| सदस्य | पुरुष | १३,५३१ |
| | महिला | ८१८ |
| | जम्मा | १४,३४९ |
| | कुल जम्मा | ४०,९२४ |

**स्थानीय तह सदस्य निर्वाचन, २०७९ उम्मेदवारको विवरण प्रणालीमा प्रविष्ट भएको आधारमा (बागमती)**

| | | |
|---|---|---|
| प्रमुख | पुरुष | ४५९ |
| | महिला | ५९ |
| | जम्मा | ५१८ |
| अध्यक्ष | पुरुष | ४९४ |
| | महिला | २५ |
| | जम्मा | ५१९ |
| उपप्रमुख | पुरुष | १०४ |
| | महिला | १९५ |
| | जम्मा | २९९ |
| उपाध्यक्ष | पुरुष | ९३ |
| | महिला | २३० |
| | जम्मा | ३२३ |
| वडा अध्यक्ष | पुरुष | ५,०७२ |
| | महिला | १४९ |
| | जम्मा | ५,२२१ |
| महिला सदस्य | जम्मा | ४,०३४ |
| दलित महिला सदस्य | जम्मा | ३,३३० |
| सदस्य | पुरुष | ८,१०० |
| | महिला | ३२१ |
| | जम्मा | ८,४२१ |
| | कुल जम्मा | २२,६६५ |

**स्थानीय तह सदस्य निर्वाचन, २०७९ उम्मेदवारको विवरण प्रणालीमा प्रविष्ट भएको आधारमा (गण्डकी)**

| | | |
|---|---|---|
| प्रमुख | पुरुष | १७३ |
| | महिला | १८ |
| | जम्मा | १९१ |
| अध्यक्ष | पुरुष | २२८ |
| | महिला | २५ |
| | जम्मा | २५३ |
| उपप्रमुख | पुरुष | ४३ |
| | महिला | ९३ |
| | जम्मा | १३६ |
| उपाध्यक्ष | पुरुष | ६३ |
| | महिला | १४४ |
| | जम्मा | २०७ |
| वडा अध्यक्ष | पुरुष | २,५३९ |
| | महिला | ९७ |
| | जम्मा | २,६३६ |
| महिला सदस्य | जम्मा | २,११८ |
| दलित महिला सदस्य | जम्मा | १,९४२ |
| सदस्य | पुरुष | ४,३१४ |
| | महिला | २१२ |
| | जम्मा | ४,५२६ |
| | कुल जम्मा | १२,००९ |

### स्थानीय तह सदस्य निर्वाचन, २०७९ उम्मेदवारको विवरण प्रणालीमा प्रविष्ट भएको आधारमा (लुम्बिनी)


| | | |
|---|---|---|
| प्रमुख | पुरुष | ३४२ |
| | महिला | ४९ |
| | जम्मा | ३९१ |
| अध्यक्ष | पुरुष | ४६७ |
| | महिला | २६ |
| | जम्मा | ४९३ |
| उपप्रमुख | पुरुष | ९३ |
| | महिला | १८२ |
| | जम्मा | २७५ |
| उपाध्यक्ष | पुरुष | ८८ |
| | महिला | ३०४ |
| | जम्मा | ३९२ |
| वडा अध्यक्ष | पुरुष | ४,७५८ |
| | महिला | १६३ |
| | जम्मा | ४,९२१ |
| महिला सदस्य | जम्मा | ३,९७७ |
| दलित महिला सदस्य | जम्मा | ३,७०७ |
| सदस्य | पुरुष | ७,९१२ |
| | महिला | ३५८ |
| | जम्मा | ८,२७० |
| | कुल जम्मा | २२,४२६ |

### स्थानीय तह सदस्य निर्वाचन, २०७९ उम्मेदवारको विवरण प्रणालीमा प्रविष्ट भएको आधारमा (कर्णाली)

| | | |
|---|---|---|
| प्रमुख | पुरुष | १३२ |
| | महिला | ९ |
| | जम्मा | १,४१ |
| अध्यक्ष | पुरुष | २३७ |
| | महिला | ११ |
| | जम्मा | २४८ |
| उपप्रमुख | पुरुष | ३२ |
| | महिला | ९० |
| | जम्मा | १२२ |
| उपाध्यक्ष | पुरुष | ५९ |
| | महिला | १६८ |
| | जम्मा | २२७ |
| वडा अध्यक्ष | पुरुष | २,६८७ |
| | महिला | ७२ |
| | जम्मा | २,७५९ |
| महिला सदस्य | जम्मा | २,३१७ |
| दलित महिला सदस्य | जम्मा | १,९९७ |
| सदस्य | पुरुष | ४,५७२ |
| | महिला | २१३ |
| | जम्मा | ४,७८५ |
| | कुल जम्मा | १२,५९६ |

### स्थानीय तह सदस्य निर्वाचन, २०७९ उम्मेदवारको विवरण प्रणालीमा प्रविष्ट भएको आधारमा (सुदूरपश्चिम प्रदेश)

| | | |
|---|---|---|
| प्रमुख | पुरुष | १८९ |
| | महिला | १३ |
| | जम्मा | २०२ |
| अध्यक्ष | पुरुष | २२५ |
| | महिला | ५ |
| | जम्मा | २३० |
| उपप्रमुख | पुरुष | ३२ |
| | महिला | १२७ |
| | जम्मा | १५९ |
| उपाध्यक्ष | पुरुष | ४३ |
| | महिला | १३५ |
| | जम्मा | १७८ |
| वडा अध्यक्ष | पुरुष | २,७२२ |
| | महिला | ७६ |
| | जम्मा | २,७९८ |
| महिला सदस्य | जम्मा | २,३२८ |
| दलित महिला सदस्य | जम्मा | २,१७९ |
| सदस्य | पुरुष | ४,५७२ |
| | महिला | २२२ |
| | जम्मा | ४,७९४ |
| | कुल जम्मा | १२,८६८ |



# उम्मेदवारको अनुमानित खर्च विवरण ३० गते अगावै पठाउन आयोगको निर्देशन

**काठमाडौँ-** स्थानीय तह सदस्य निर्वाचनमा उम्मेदवार तथा दलले गरेको खर्च अनुमान वैशाख ३० गतेभित्र निर्वाचन आयोगमा पठाउन आयोगले मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूलाई निर्देशन दिएको छ ।

'स्थानीय तह निर्वाचनमा निर्वाचन प्रचार प्रसारका सम्बन्धमा भएका आमसभा, जुलुस, हेलिकप्टरको प्रयोगजस्ता महत्वपूर्ण क्रियाकलापको सम्बन्धमा सूक्ष्म रुपमा अनुगमन गरी वा गर्न लगाई खर्च विवरण अनुमान गर्न सकिने भएमा सो समेत गरी मतदान हुने दिन अर्थात वैशाख ३० भन्दा अगावै गोप्यरुपमा आयोगमा पठाउन मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरूलाई आयोगले निर्देशन दिएको छ' जारी विज्ञप्तिमा उल्लेख छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २४ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ मा निर्वाचनमा दल वा उम्मेदवारले खर्च गर्न पाउने रकमको हद आयोगले तोकेर नेपाल राजपत्रमा सूचना प्रकाशन गरिसकेको छ । सो बमोजिम हुने, दल वा उम्मेदवार वा तिनको निर्वाचन प्रतिनिधिले निर्वाचन अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिएको ढाँचामा पठाउनुपर्ने आयोगले भनेको छ ।



'तोकिए बमोजिम राख्नुपर्ने, कुनै दल वा उम्मेदवारले निर्वाचनमा गरेको जम्मा खर्च तोकिएको खर्चको रकमको हदभन्दा बढी हुन नहुने, निर्वाचन खर्चको विवरण दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र आयोगले तोकेको कार्यालयसमक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ' विज्ञप्तिमा भनिएको छ, 'निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ को उपदफा (२) मा त्यस्तो खर्च सम्बन्धमा आयोगले मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउन सक्ने व्यवस्था रहेको सन्दर्भमा निर्वाचन प्रचार प्रसारको सम्बन्धमा हुने महत्वपूर्ण खर्चको विवरण पहिले नै सङ्कलन गर्दा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएपछि पेश गर्ने निर्वाचन खर्चको विवरणको वास्तविकता तथा विश्वसनीयता परीक्षण गर्न सहज हुनेछ ।'

सम्बन्धित उम्मेदवारले कानूनबमोजिम बुझाउने निर्वाचन खर्चको विवरण तथा आयोगले खटाएका सूक्ष्म अनुगमनकर्ताले पेश गर्ने प्रतिवेदनसँग समेत भिडाई पठाउन आयोगले भनेको छ ।

**निर्वाचन आयोग, नेपाल**
**ELECTION COMMISSION, NEPAL**

**निर्वाचनसम्बन्धी आधिकारिक जानकारी तथा सूचनाका लागि निर्वाचन आयोगको वेबसाइट तथा सामाजिक सञ्जाल फलो गर्नुहोला ।**

**इ-बुलेटिन प्रकाशन समिति**

**गोकर्णमणि दुवाडी,** सचिव-संरक्षक
**शालिग्राम शर्मा पौडेल**, सहसचिव- संयोजक
**कमल भट्टराई,** उपसचिव- सदस्य
**राजन नेपाल**- सदस्य, **प्रकाश सिलवाल**- सदस्य, **लोकबहादुर चौधरी**- सदस्य
**श्रवणकुमार लुइटेल**- सदस्य सचिव
डिजाइन- **ज्ञानेन्द्रकुमार लामा**, फोटो पत्रकार - **प्रदीपराज वन्त**
**टोल फ्री नं.:** ११०२ **फोन नं.:** ०१-५३२८६६३, **फ्याक्स:** ०१-५३२९२२७, **इमेल:** info@election.gov.np, **वेबसाइट:** www.election.gov.np